# ब्लग ५ : बिर्सिएको आनन्द - भित्रको बालकलाई पुनः खोज्दै

कहिले तपाईंले अन्तिम पटक नाच्नु भएको थियो– कुनै कारणबिना, तालबिना, केवल मुडका लागि?

कहिले अन्तिम पटक तपाईं हाँस्नु भएको थियो– पेट दुख्ने गरी, आँसु आउँदासम्म, बच्चाझैँ?

म आफ्नो अतीतमा फर्कन्छु र देख्छु– एउटा सानो बालक, जसको आँखामा अचम्मको चमक थियो।

जसलाई कुर्सी बेन्ची भन्दा नारायणी नदीको पौडी बढी प्रिय थियो, जसको जाँघे हिलोले मोटो भएको गर्वको पोशाक थियो,

र जसको गालामा चकलेटको दाग उसकै सम्मानको पदक।

त्यो बालक भकारो र खेत बारीको बास्नामा हुर्किएको थियो,

र रातमा लालटिन नभएर छिमेकीको घरमा गएर उज्यालोमा पढ्ने साहस राख्थ्यो।

पाँच भाइमध्ये सबैभन्दा कान्छो, तर पहिलो जसले औपचारिक शिक्षा हासिल गर्‍यो–

यो उसको जीवनको पहिलो विजय थियो।

तर जति म ठूलो भएँ, त्यति त्यो बालकबाट टाढा हुँदै गएँ।

जीवनका आवाजहरूले– “ठिक व्यवहार गर”, “गम्भीर बन”, “थोरै बोल”, “केही कमाऊ”, “खेल होइन, काम गर”—

समय बित्दै जाँदा,

एक एक गर्दै उसका हाँसो हरु दबिदै गए।

विदेशी भूमिमा पढाइ र संघर्षको लामो बाटो हिँड्दै,

पत्नीको राजनीतिक यात्रामा अदृश्य आधार बन्दै,

सन्तानलाई सुरक्षित भविष्यका लागि अमेरिकासम्म पुर्‍याउँदै,

मैले जीवनलाई “जिम्मेवारी” को काठको बाकसमा बन्द गरें।

तर जीवनले एउटा अदृश्य चोट दियो– मेरो जीवनको मूल आधार हल्लियो।

ठिक्क विवाह गर्ने समय भएको,

२७ वर्षको उमेरमा मेरो छोरो– मेरो गर्व, मेरो सपना, मेरो हाँसो–

बाइपोलरको मौन आँधीमा हरायो।

त्यो क्षणमा मेरा सबै योजनाहरू, मेरा अनुशासन, र "सफलता" का पर्खाल भत्किए।

त्यही मौन बालक, जुन वर्षौंदेखि मसँग बोल्दैनथ्यो, फेरि कानमा कान लागेर भन्यो–

"म अझै यहाँ छु। म अझै पनि तिमीलाई खेल्न, हाँस्न, र आनन्द लिन चाहन्छु।"

त्यसपछि म फेरि भित्रतिर फर्कें।

नाच्न थालें– बाहिर होइन, भित्र।

चित्र बनाउन थालें– कैनभासमा मात्र होइन, सपनामा, शब्दमा, कर्ममा।

हार्मोनियम समाएँ– कहिल्यै सिकेको थिइनँ, तर किबोर्ड छुनासाथ मन पनि बज्न थाल्यो।

गीत र भजन गाउँन थालें– आँखा रसाउँदा पनि, भावहरूमा चुर्लुम्म डुबेर।

जसरी मैले त्यो बालकलाई आफ्नो जीवनमा स्थान दिएँ, अचम्मको कुरा– संसार पनि मेरो स्वागतमा खुल्न थाल्यो।

रचनात्मकता फर्कियो, हाँसोको जरा पलायो, र सहजताको त्यो पुरानो साथी फर्केर आयो।

अब म अझै पनि जिम्मेवारी लिन्छु– तर बच्चाझैं कौतुहलका साथ।

अझै पनि सेवा गर्छु– तर रमाइलोको छायाँसहित।

अझै पनि बाँच्छु– तर पूर्ण उपस्थितिमा।

यदि तपाईं कहिल्यै थाक्नु भएको छ, रित्तिनु भएको छ, वा केवल "जीवित" तर "यथार्थमा जिउँदो" नभएको महसुस गर्नु भएको छ–

त्यो तपाईंको भित्रको बालक हो, ढोका ठोकीरहेको।

त्यो ढोका खोल्नुहोस्।

नाच्नुहोस्।

हाँस्नुहोस्।

जीवनको रंगीन खेल फेरि खेल्नुस्।

कहिल्यै ढिलो हुँदैन–

त्यो बालक अझै त्यहीं छ, तपाईंको स्वागतमा,

ठ्याक्कै जसरी उसले मलाई,

मेरो जीवनको सबैभन्दा अँध्यारो मोडमा, फेरि सम्हाल्यो।